निर्णयहरु:-

१. यस जिल्ला विपद् व्यवस्थापन समितिमा बजेट अभावको कारणले मिति २०७६-०३-२४ गतेदेखिको अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानबाट प्रभावितहरुलाई तोकिएको मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउन कठिनाई भएको हुँदा जिल्लामा विपद्बाट भएको क्षतिको विवरण संलग्न गरी थप रकम निकासाका लागि श्री गृह मन्त्रालयमा पठाउने ।

२. श्री गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १०७, मिति २०७६-०६-०६ को पत्रबाट जिल्ला विपद् व्यवस्थापन समितिको संयोजन र व्यवस्थापनमा जिल्लास्थित मानविय क्षेत्रमा क्रियाशील सरकारी निकाय, संघ संस्था र व्यक्तित्वको सहभागितामा १३ अक्टोबरका दिन विभिन्न कार्यक्रम गरी **International Day for Disaster Reduction (IDDR),** २०१९ मनाउनु हुन लेखि आएको सन्दर्भमा जिल्लास्तर तथा स्थानीयस्तरमा मानविय क्षेत्रमा क्रियाशील सरकारी निकाय, संघ संस्था र व्यक्तित्वको सहभागितामा सप्ताहव्यापीरुपमा विभिन्न कार्यक्रम गरी **International Day for Disaster Reduction (IDDR),** २०१९ मनाउने । साथै, १३ अक्टोबरका दिन उक्त दिवस जिल्लास्तरमा मनाउने सन्दर्भमा नेपाल रेडक्रस सोसाईटी, मकवानपुरले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

३. मकवानपुर जिल्लाको हेटौंडा उ.म.न.पा., थाहा न.पा., मकवापनुरगढी गा.पा., राक्सीराङ गा.पा., कैलाश गा.पा. र ईन्द्रसरोवर गा.पा. का केही क्षेत्रहरु चट्याङको दृष्टिकोणले अत्यन्तै जोखिमयुक्त रहेको र वर्षेनी चट्याङबाट जनधनको क्षति हुँदै आएको सन्दर्भमा चट्याङका दृष्टिले जोखिमयुक्त स्थानहरुको अध्ययन गरी सोबाट हुने जोखिमलाई न्यूनीकरण गर्न विज्ञहरुबाट आवश्यक अध्ययन गर्नका लागि श्री गृह मन्त्रालयमा लेखी पठाउने ।

४. सबै स्थानीय विपद् व्यवस्थापन समितिहरुले यथाशीघ्र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गरी जिल्ला विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउने ।

५. सबै स्थानीय तहहरुले विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने **Focal Person** को सम्पर्क नम्बर सहितको विवरण यथाशीघ्र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा उपलब्ध गराउने ।

६. नेपाली सेना, पुरानो गोरख गण, सुपारेटार व्यारेक, भैंसे, मकवानपुर नजिक रहेको सामरी खोलाको पुल नजिक नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बलुवा) थुप्रिन गई खोलाको धार परिवर्तन भएको जसले उक्त गणमा क्षति पुर्याउने सम्भावना रहेको हुँदा उक्त खोलाको पुल नजिक थुप्रिएको नदीजन्य पदार्थहरु व्यवस्थापनका लागि श्री हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने ।

प्रेमराज जोशी
प्रमुख जिल्ला अधिकारी

७. जिल्ला विपद् व्यवस्थापन समितिले मिति २०७६ श्रावण १ गतेदेखि २०७६ असोज १४ गतेसम्म निम्नानुसार वितरण गरेको राहत रकम रु.१४,६०,०००/- अनुमोदन गर्ने ।

- चटयाङबाट मृत्यु हुने २ जना रु.२,००,०००/-

| क्र.सं. | मृतकको नामथर | ठेगाना | राहत बुझ्नेको नामथर | राहत रकम | घटना मिति |
|---|---|---|---|---|---|
| १. | कान्छीमाया थिङ | राक्सीराङ गा.पा.- ८ | गोपाल बहादुर थिङ (पति) | रु. एकलाख | २०७६-०५-०१ |
| २. | सुन्तली विश्वकर्मा | मकवानपुरगढी गा.पा. - २ | इन्द्र बहादुर विश्वकर्मा (पति) | रु. एकलाख | २०७६-०५-११ |

- बाढीबाट मृत्यु हुने ८ जना रु.८,००,०००/-

| क्र.सं. | मृतकको नामथर | ठेगाना | राहत बुझ्नेको नामथर | राहत रकम | घटना मिति |
|---|---|---|---|---|---|
| १. | सन्चना बलामी | थापा न.पा. -३ | शिवराज बलामी (पिता) | रु. एकलाख | २०७६-०३-२७ |
| २. | कान्छी रन्जितकार | ईन्द्रसरोवर गा.पा.-१ | श्याम बलमी (पति) | रु. एकलाख | २०७६-०३-३० |
| ३. | बबिता बलामी | ईन्द्रसरोवर गा.पा.-१ | श्याम बलमी (पिता) | रु. एकलाख | २०७६-०३-३० |
| ४. | सृष्टी डिमडुङ | ईन्द्रसरोवर गा.पा.-२ | समुन्द्र डिमडुङ (दाइ) | रु. एकलाख | २०७६-०३-२७ |
| ५. | सानु कान्छा सुनार | कैलाश गा.पा.-१० | कृष्ण माया सुनार (पत्नी) | रु. एकलाख | २०७६-०३-२७ |
| ६. | तीर्थ बहादुर खुलाल मगर | मकवानपुरगढी गा.पा.-२ | क्षेत्र बहादुर खुला मगर (छोरा) | रु. एकलाख | २०७६-०४-०२ |
| ७. | प्रेम बहादुर मुक्तान | राक्सीराङ गा.पा.-४ | सरोज मुक्तान (भाइ) | रु. एकलाख | २०७६-०५-२५ |
| ८. | वीर बहादुर मुक्तान | कैलाश गा.पा.-२ | मंगले मुक्तान (दाई) | रु. एकलाख | २०७६-०६-०२ |

- बाढीबाट घर क्षति ४३ परिवार, रु.१०,०००/- का दरले राहत रकम रु.४,३०,०००/-
- आगलागी क्षतिपूर्ति ३ परिवार रु.१०,०००/- का दरले रु.३०,०००/-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

प्रेमराज जोशी
प्रमुख जिल्ला अधिकारी